खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खजुरा,बाँके
Khajura,Banke
लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province,Nepal

खजुरा गाउँपालिका कार्यपालिकाको कार्यालय खजुरा, बाँके लुम्बिनी प्रदेश, नेपाल

प.सं. (Ref.No):- २०८२/०८३

## हेभी इक्वीपमेन्ट सम्बन्धि ठेक्काको आव्हानको सूचना

(सूचना प्रकाशित मिति :- २०८२।०७।२३)

खजुरा गाँउपालिकाको मिति २०८१।०७।१४ गतेको कार्यपालिकाको निर्णय अनुसार आर्थिक बर्ष २०८२।०८३ (१) एक वर्षका लागी हेभी इक्वीपमेन्टको प्रयोग ठेक्काद्धारा गर्नुपर्ने भएकोले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरीएको छ । थप जानकारीका लागी कार्यालयको वेभ साईट www.khajuramun.gov.np तथा राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल :-

| क्र.स | ठेक्का नं. | ठेक्काको नाम | आ.व.२०८२।०८३ को न्युनतम अंक रकम रु (कर सहित) बार्षिक | फाराम दस्तुर | ठेक्कका अवधि |
|---|---|---|---|---|---|
| १ | Heavy Equipment /01/2082/083 | रोलर ठेक्का | २१०००००।(एकाइस लाख मात्र) | रु ३०००। | २०८३ असार मसान्तसम्म |
| २ | Heavy Equipment /01/2082/083 | व्याकुलोडर ठेक्का | १८०००००।(अठार लाख मात्र) | रु ३०००। | २०८३ असार मसान्तसम्म |

ठेक्का सम्बन्धि शर्तहरु :-

१. शिलबन्दी दरखास्त आव्हानको सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति:- २०८२।०८।०७ गते कार्यालय समयभित्र खजुरा गाँउपालिकाको एन आई सी एसीया बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. १११२०५१४९८६२१००३ मा दाखीला गर्नु पर्ने छ ।

२. फर्म, संस्था, कम्पनिले दर्ता प्रमाणपत्र, नविकरण, स्थायि लेखा नं. (प्यान न.) मु.अ. कर, कर चुक्ता भएको प्रमाणपत्र र नेपाली नागरीकले नागरीकताको प्रमाणपत्र लगायंतका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

३. सिलबन्दी दरखास्त खाम बाहिर ठेक्का नं. विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

४. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत



वेबसाइट/Website: www.khajuramun.gov.np,इमेल/E-mail :- info@khajuramun.gov.np, khajura666@gmail.com
फोन नं/Phone No.:-081-560187

खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खजुरा,बाँके Khajura,Banke
लुम्बिनी प्रदेश,नेपाल Lumbini Province,Nepal

५. सारभुत रुपमा प्रभावग्राही भई छनौट भएका सिलबन्दी दरभाउपत्र दाताले सम्झौताका बखत कबोल अंकको ५० प्रतिशत एन.आईसि.एसिया बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. १११२०५१४९८६२१००३ मा दाखिला गरेको बैंक भौचर र बाँकी रकम मान्यप्राप्त बाणिजय बैंकबाट जारी भएको २०८३ श्रावण मसान्त सम्म मान्य अवधि रहेको बैंक जमानत पेश गर्नु पर्ने छ । २०८३ को असार दोस्रो साताभित्र सम्पूर्ण रकम दाखिला गरि सक्नु पर्ने छ ।

६. सिलबन्दी दरभाउपत्र दाताले गाँउपालिकाले निर्धारण गरेको न्युनतम रकमको मु. अ. कर सहित ५ प्रतिशत धरौटी रकम यस गाँउपालिकाको कार्यालयको नाममा एन.आईसि.एसिया बैंक खजुरा शाखामा रहेको धरौटी खाता नं. B१४१४९८६२१५२४००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी पेश गर्नुपर्नेछ ।

७. हेभी इक्वीपमेन्टमा लाग्ने तेल, मोबिल, ग्रीस, नियमित र्भिसिङ्ग/मर्मत लगायतका सम्पूण खर्च दरभाउपत्र दाताले बहन गर्नु पर्ने छ ।

८. सम्झौता अवधि समाप्त भए पश्चात एक हप्ता भित्र हेभी इक्वीपमेन्ट गाउँपालिकाको कार्यालयमा फिर्ता गर्नु पर्नेछ । हेभी इक्वीपमेन्ट फिर्ता गर्दा चालु अवस्थामानै फिर्ता गर्नु पर्नेछ । बिग्रेको अवस्थामा फिर्ता गरेमा कार्यालयबाट मर्मत गरी लागेको खर्च पेश भएको जमानत बाट र अपुग भएमा अन्यकुनै स्रोत बाट सरकारी बाँकि सरह असुल उपर गरिने छ ।

९. गाउँपालिका बाट निजको तलब सहित सो गाडिको चालक उपलब्ध गराईने छ, र नियम अनुसारको भत्ता दरभाउ पत्र दाताले नै उपलब्ध गराउनु पर्नेछ ।

१०. गाउँपालिकाले इक्वीपमेन्टको तेस्रो पक्ष विमा मात्रै रहेको र दरभाउ पत्रदाताले प्रयोगको समयमा विमा दावि गर्नुपर्ने भएमा तेस्रो पक्ष विमा मात्रै दावि गर्नसक्ने छ ।

११. दरभाउपत्र दाता गाउँपालिका कार्यालयमा पेश्को बाँकि वा तिर्न बुझाउनु पर्ने रकम बाँकि नभएको हुनु पर्नेछ

१२. सम्झौता अवधिभित्र इक्वीपमेन्टमा कुनै तोडफोड, आगजनी, लुटपाट वा अन्यकुनै कारण बाट क्षति हुनगएमा सोको जिम्मा दरभाउपत्र दाताले लिनुपर्ने छ ।

१३. म्याद नाघि आएको, रीत नपुगेको शर्त राखीएको शिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरीने छैन । पेश भएको सिलबन्दी दरखास्त पत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।यसमा उल्लेख नभएको बिषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

१५. सूचनामा उल्लेख भएको बिषय यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

... बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत